# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०८।१४

## शोक विज्ञप्ति

पत्रकार वीरेन्द आचार्यको सवारी दुर्घटनामा परी ३४ वर्षको अल्पायुमै भएको निधनको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ ।

यही मंसिर १२ गते शुक्रबार सुर्खेतको वीरेन्द्रनगर-२ भुरेली चोकमा भएको दुर्घटनामा गम्भीर घाइते भएका आचार्यको कर्णाली प्रादेशिक अस्पतालमा उपचारको क्रममा सोही दिन राति निधन भएको हो ।

महासंघ कालिकोट शाखाका सदस्य आचार्य पछिल्लो समय रेडियो तिला आवाजमा कार्यरत हुनुहुन्थ्यो । कालिकोट जिल्ला शुभकालिका-६ निवासी आचार्यको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल, कर्मठ र जुझारु पत्रकार गुमाउनुका साथै महासंघले सक्रिय सदस्य गुमाएको छ ।

महासंघ स्वर्गीय आचार्यप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email  fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org